"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र


सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड३) ताप्लेजुङ, प्रदेश नम्वर१, नेपाल, माघ ०९ गते २०७८ साल (संख्या ११


## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरीएको छ ।

सम्वत् २०७८ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ११

# खेलकूद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७८

**प्रमाणीकरण मिति : २०७८।१०।०९**

प्रस्तावनाः प्रत्येक वडास्तरदेखी खेलप्रेमी युवाको नेतृत्वमा दर्तावाल खेलकूदका संघ/संस्थाहरु सम्मिलित खेलकूद विकास समिति र गाउँपालिकास्तरमा खेलकूद परिषद्को माध्यमबाट विभिन्न खेलका खेलप्रेमी युवाहरुलाई संलग्नता गराई खेलका माध्यमबाट समग्र सिरीजङ्घाको सर्वाङ्गीण विकासको मुलप्रवाहमा युवा र खेलकूद क्षेत्रलाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सिरीजङ्घा गाउँपालिकाको खेलकूद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन हुने गाउँपालिकास्तरीय खेलकूद परिषद्को अध्यक्षलाई सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले यस कार्यविधिको दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिम गाउँपालिकाका अध्यक्षबाट मनोनित हुने गाउँपालिकास्तरीय खेलकूद परिषद्का उपाध्यक्षलाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिका, ताप्लेजुङलाई सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले सिरीजङ्घा गाँउ कार्यपालिकाको कार्यालय, तेल्लोकलाई सम्झनुपर्छ।

(ङ) "कार्यविधि" भन्नाले सिरीजङ्घा गाउँपालिकाको खेलकूद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७८ लाई सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङलाई सम्झनुपर्छ।

(छ) "परिषद्" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन हुने गाउँपालिकास्तरीय खेलकूद परिषद्लाई सम्झनुपर्छ।

(ज) "वडा" भन्नाले सिरीजङ्घा गाउँपालिका मातहतको कुनै पनि वडालाई सम्झनुपर्छ।

(झ) "वडा समिति" भन्नाले सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रको कुनैपनि वडा समितिलाई सम्झनुपर्छ।

(ञ) "वडाध्यक्ष" भन्नाले सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रको कुनैपनि वडाको वडाध्यक्षलाई सम्झनुपर्छ।

(ट) "वडा सचिव" भन्नाले सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रको कुनैपनि वडाको वडा सचिव भई कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "समिति" भन्नाले कार्यविधिको दफा ४ बमोजिम सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रको प्रत्येक वडामा गठन हुने खेलकूद विकास समितिलाई सम्झनुपर्छ।

(ड) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति तथा परिषद्का सदस्यलाई आवश्यकता अनुसार सम्झनुपर्छ।

(ढ) "सामाजिक विकास समिति" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिका मातहतको सामाजिक विकास समितिलाई सम्झनुपर्छ।

(ण) "संयोजक" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम प्रत्येक वडामा गठन हुने युवा तथा खेलकूद विकास समितिका संयोजकलाई सम्झनुपर्छ।

(त) "युवा" भन्नाले सोह्र वर्षदेखी चालीस वर्षसम्मको उमेर भएको गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

## परिच्छेद २

## खेलकूद क्लब दर्ता तथा सूचीकृत सम्बन्धी व्यवस्था

**३. खेलकूद क्लब दर्ता सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र खेलिने कुनैपनि खेलसँग सम्बन्धित क्लब गठन गर्न चाहने कम्तीमा पन्ध्र जनाको समुहमा रहेका युवाहरुले आफ्नो वडामा खेलकूद क्लब गठनका लागि आवेदन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम खेलकूद क्लब गठन गर्न चाहने युवाहरुको समुहले कार्यपालिकाले खेलकूद क्लब गठनका लागि तोकेको ढाँचामा विधानको मस्यौदा समेत तयार गरी वडामा आवेदन गर्नु पर्नेछ।

(३) यस कार्यविधिको दफा ४ बमोजिमको समितिले उपदफा (२) बमोजिम खेलकूद क्लब गठनका लागि विधानको मस्यौदा सहित वडामा परेको आवेदन उपर छानवीन गरी वडा अध्यक्ष मार्फत गाउँपालिकास्तरीय खेलकूद परिषदमा क्लब दर्ताको सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम क्लब दर्ताको वडाको सिफारिस, निवेदन र विधानको मस्यौदा उपर आवश्यक जाँचबुझ गर्दै गाउँपालिकास्तरीय खेलकूद परिषदले क्लब दर्ताको अन्तिम सिफारिस कार्यालयमा उपलब्ध गराउनेछ। र, कार्यालयले नियमानुसार क्लब दर्ता गरी अनुसूची १ बमोजिमको ढाँचामा क्लब दर्ता प्रमाण-पत्र जारी गर्न सक्नेछ।

(५) यो कार्यविधि लागू हुनुअघि सम्बन्धित सरकारी निकायमा विगतमै दर्ता भएका खेलकूद क्लबहरुलाई वडास्तरमा वडास्तरीय खेलकूद विकास समितिले र गाउँपालिकास्तरमा गाउँपालिकास्तरीय खेलकूद  परिषद्ले क्रमशः सूचीकृत गर्नेछ।

(६) यो कार्यविधिको अन्यत्र दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका क्षेत्रभित्रका वडामा बढीमा एक खेल, एक क्लब मात्र हुनेगरी क्लब दर्ता गरिनेछ।

## परिच्छेद ३

## वडास्तरीय खेलकूद विकास समिति सम्बन्धी व्यवस्था

**४. वडास्तरीय खेलकूद विकास समितिको गठनः** (१) प्रत्येक वडामा खेलकूद सम्बन्धी गतिविधिलाई व्यवस्थित बनाउन एवम् आवश्यकता अनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्ने कार्य समेतको लागि एक खेलकूद विकास समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) वडा अध्यक्षबाट मनोनित खेलकूदको क्षेत्रमा कम्तीमा ५ वर्षदेखी क्रियाशील सम्बन्धित वडाको युवा एकजना -संयोजक

(ख) वडाभित्रका दर्तावाल तथा सुचीकृत खेलकूद क्लबका अध्यक्षहरु -पदेन सदस्य

(ग) खेलकूदको हक/हित, संरक्षण र सम्वर्द्धनको क्षेत्र योगदान पुर्याएका युवाहरुमध्येबाट वडा समितिबाट मनोनित कम्तीमा एकजना महिला सहित तीनजना -सदस्य

(३) वडा समितिले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरुको मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (क) र खण्ड (ग) बमोजिम मनोनित संयोजक तथा सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) को खण्ड (क) बमोजिम मनोनित संयोजकले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी वडा अध्यक्ष समक्ष सिफारिस गरेमा वडा अध्यक्षले त्यस्तो समितिका संयोजकलाई जुनसुकै समयमा पदबाट हटाई अर्को व्यक्तिलाई संयोजक पदमा नियुक्त गर्न सक्नेछ।

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित भने गरिने छैन।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (२) को खण्ड (ग) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिश गरेमा वडा समितिले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ।

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित भने गरिने छैन।

**५. <u>वडास्तरीय खेलकूद विकास समितिको बैठक र निर्णयः</u>** (१) वडास्तरीय खेलकूद विकास समितिको बैठक कम्तीमा तीन महिनामा एकपटक वडा कार्यालयमा बस्नेछ।

(२) संयोजकले तोकेको मिति र समयमा समितिको बैठक बस्नेछ।

(३) समितिको बैठक हुनुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना वडा सचिवले सबै सदस्यहरुलाई दिनेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ।

(७) बैठकमा संयोजकको अनुपस्थिति भएमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(८) समितिको बैठकमा संरक्षकलाई आमन्त्रण गर्नु पर्नेछ।

**६. <u>वडास्तरीय खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकारः</u>** यस कार्यविधिको अन्यत्र दफामा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त वडास्तरीय खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विभिन्न विधाका खेलकूद लक्षित वडास्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने।

(ख) वडाभित्र क्रियाशील विभिन्न खेलकूदसँग सम्बन्धित दर्तावाल संघ/संस्थाहरुवीच आवश्यक समन्वय एवम् सहजीकरण गर्दै त्यस्ता संघसंस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियन्त्रण गर्ने।

(ग) खेलकूदका विभिन्न विधामा वडास्तरीय टिमको छनोट गर्ने।

(घ) वडाभित्र दर्ता हुन चाहने कुनैपनि विधाको खेलकूद क्लब दर्ताको सिफारिस गरी वडा अध्यक्ष समक्ष पेश गर्ने।

(ङ) वडाको वार्षिक कार्यक्रममा समावेश वडास्तरीय विभिन्न विधाका खेलकूद सम्बन्धी कार्यक्रम आयोजना गर्ने।

(च) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद ४

## गाउँपालिकास्तरीय खेलकूद परिषद् सम्बन्धी व्यवस्था

**७. गाउँपालिकास्तरीय खेलकूद परिषद्को गठनः** (१) गाउँपालिकामा देहाय बमोजिम एक गाउँपालिकास्तरीय खेलकूद परिषद् रहनेछः

(क) सामाजिक विकास समितिका संयोजक -पदेन अध्यक्ष

(ख) खेलकूदको क्षेत्रमा क्रियाशिल गाउँपालिका क्षेत्रभित्रका युवाहरुमध्येबाट गाउँपालिकाका अध्यक्षले मनोनयन गरेका एकजना -उपाध्यक्ष

(ख) सबै वडाका खेलकूद विकास समितिका संयोजकहरु -पदेन सदस्य

(ग) खेलकूदको विभिन्न विधामा स्थापित व्यक्तित्वहरुमध्येबाट कार्यापालिकाले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित चारजना -सदस्य

(घ) कार्यालयको शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख -पदेन सदस्य सचिव

(२) कार्यपालिकाले उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको मनोनयन गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम मनोनित उपाध्यक्ष र खण्ड (ग) बमोजिम मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) को खण्ड (ख) बमोजिमको उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी परिषद्को बहुमत सदस्यले ठहर गरी गाउँपालिकाका अध्यक्ष समक्ष सिफारिस गरेमा गाउँपालिकाका अध्यक्षले त्यस्तो परिषद्का उपाध्यक्षलाई जुनसुकै समयमा पदबाट हटाई अर्को व्यक्तिलाई उपाध्यक्ष पदमा नियुक्त गर्न सक्नेछ।

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित भने गरिने छैन।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) को खण्ड (ग) बमोजिम मनोनित परिषद् सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी

परिषद्को बहुमत सदस्यले ठहर गरी गाउँपालिकाका अध्यक्ष मार्फत कार्यपालिकामा सिफारिश गरेमा कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ।

तर, पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित भने गरिने छैन।

**८. <u>गाउँपालिकास्तरीय खेलकूद परिषद्को बैठक र निर्णयः</u>** (१) परिषद्को बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा परिषद्को बैठक बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसुची सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ।

(४) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ।

(७) परिषद्को बैठकमा संरक्षकलाई आमन्त्रण गर्नु पर्नेछ।

(८) परिषद्को अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षको कार्यभार वहन गर्नेछ।

**९. <u>गाउँपालिकास्तरीय खेलकूद परिषद्को काम, कर्तव्य र अधिकारः</u>** यस कार्यविधिको अन्यत्र दफामा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त गाउँपालिकास्तरीय खेलकूद परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खेलकूद सम्बन्धी गाउँपालिकास्तरीय दीर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी सामाजिक विकास समिति समक्ष पेश गर्ने।

(ख) विभिन्न विधाका खेलकूद लक्षित गाउँपालिकास्तरीय वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी सामाजिक विकास समितिमा पेश गर्ने।

(ग) गाउँपालिका क्षेत्रभित्र क्रियाशील खेलकूदसँग सम्बन्धित दर्तावाल विभिन्न संघ/संस्थाहरुलाई गाउँपालिकामा सुचीकृत गर्ने र त्यस्ता संघ/संस्थाहरुको काम कारवाहीको रेखदेख तथा नियन्त्रण गर्ने।

(घ) खेलकूदका विभिन्न विधामा गाउँपालिकास्तरीय टिमको छनोट गर्ने।

(ङ) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा समावेश विभिन्न विधाका खेलकूद कार्यक्रमको आयोजना गरी त्यसको समीक्षा समेत गर्दै कार्यालयमा प्रतिवेदन गर्ने।

(च) वडा तथा गाउँपालिकास्तरमा दर्ता हुन चाहने विभिन्न विधाका खेलकूदसँग सम्बन्धित संघ/संस्थाहरुको यस कार्यविधिले व्यवस्था गरेको प्रावधान बमोजिम दर्ताको अन्तिम सिफारिस गर्ने।
(छ) कार्यपालिका वा गाउँपालिकाका अध्यक्षले तोकेको अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद ५

## विविध

**१०. भाग लिन नहुनेः** गाउँपालिकास्तरीय खेलकूद परिषद् र वडास्तरीय खेलकूद विकास समितिका कुनै सदस्य वा पदाधिकारीले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदैन।

**११. उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** गाउँपालिकास्तरीय खेलकूद परिषद् तथा वडास्तरीय खेलकूद विकास समितिले यस कार्यविधि बमोजिम आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नका निमित्त आवश्यकता अनुसार बढीमा तीन सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछन्।

**१२. खाना तथा खाजा खर्चको रकम उपलब्ध गराईनेः** (१) वडास्तरीय खेलकूद विकास समिति र गाउँपालिकास्तरीय खेलकूद परिषद्का सदस्यले बैठकमा भाग लिएका दिन कार्यपालिकाले निर्धारण गरी दिए बमोजिमको खाना तथा खाजा खर्च वापतको रकम पाउनेछन्।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वर्षभरीमा बढीमा छ पटकसम्म बस्ने बैठकको लागि मात्र खाना तथा खाजा खर्चको रकम उपलब्ध गराइनेछ।

**१३. वार्षिक प्रतिवेदनः** (१) वडास्तरीय खेलकूद विकास समितिले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र आफ्नो वडाका वडाध्यक्ष र गाउँपालिकास्तरीय खेलकूद परिषद् समक्ष पेश गर्नु पर्नेछ।
(२) गाउँपालिकास्तरीय खेलकूद परिषद्ले आफूले वर्षभरीमा सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र गाउँपालिकाका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

**१४. निर्देशन दिन सक्नेः** गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि बमोजिम गठित वडास्तरीय खेलकूद विकास समिति वा गाउँपालिकास्तरीय खेलकूद परिषद्लाई आवश्यकता अनुसार सल्लाह/सुझाव वा निर्देशन दिन सक्ने र त्यस्तो सल्लाह/सुझाव वा निर्देशनको पालना गर्नु त्यस्तो समिति वा परिषद्को कर्तव्य हुनेछ।

**१५. संरक्षक सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम गठन हुने गाउँपालिकास्तरीय खेलकूद परिषद्को संरक्षक गाउँपालिकाका अध्यक्ष हुनेछन् भने वडास्तरीय खेलकूद विकास समितिको संरक्षक सम्बन्धित वडाका वडा अध्यक्ष हुनेछन्।

**१६. सहयोग गर्नुपर्ने:** यस कार्यविधि बमोजिम गठन हुने गाउँपालिकास्तरीय खेलकूद परिषद् र वडास्तरीय खेलकूद विकास समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**१७. वडास्तरीय खेलकूद विकास समिति र गाउँपालिकास्तरीय खेलकूद परिषद्को विघटन:** (१) यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने वडास्तरीय खेलकूद विकास समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा गाउँपालिकाका अध्यक्षले जुनसुकै वखत् विघटन गर्न सक्नेछन्।

(२) यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम कार्य गर्न नसक्ने गाउँपालिकास्तरीय खेलकूद परिषद्लाई गाउँपालिकाका अध्यक्षको सिफारिसमा कार्यपालिकाले जुनसुकै वखत् विघटन गर्न सक्नेछ।

**१८. मापदण्ड बनाउने अधिकार:** यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्नका लागि सामाजिक विकास समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ।

**१९. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**२०. संघीय तथा प्रदेश कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्था प्रतिकूल हुने गरी संघीय तथा प्रदेश कानून बनेको अवस्थामा सोही कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**अनुसूची १**

सिरीजङ्घा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल

विषयः **<u>खेलकूद क्लब दर्ताको प्रमाण-पत्र</u>।**

सिरीजङ्घा गाउँपालिकाको खेलकूद विकास समिति गठन तथा परिचालन निर्देशिका, २०७८ को दफा ३ को उपदफा (४) बमोजिम देहाय अनुसार क्लब दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ।

(क) खेलकूद क्लबको नामः

(ख) खेलकूद क्लब रहने ठेगानाः

(ग) खेलकूदको विधाः (फुटबल, भलिबल, आदि)

क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जा

**(क्लबले प्रत्येक वर्ष सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालयमा नवीकरण गराउनु पर्नेछ)**

**आज्ञाले,**
**श्री सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**